नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १९६ २०७८ साल फागुन २३ गते सोमबार (7 Mar. 2022 Monday) मूल्य रु. ५/-

तेजाब वा अन्य घातक ररायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भुक्तानी प्रणालीमा डिजिटल... ३ पृष्ठमा : रुस र युक्रेनबीच तेस्रो... ३ पृष्ठमा : स्थानिय निर्वाचनलाई ...

# मलेठ घटनाका सहिदको सम्झनामा आज सार्वजनिक विदा
















**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

मलेठ घटनामा सहिद भएकाहरुको सम्झानामा राजविराज नगरपालिकाले सोमवार सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले मधेश आन्दोलनका क्रममा २०७३ साल फागुन २३ गते तत्कालिन मलेठ गाविस (हाल राजविराज नगरपालिका ९) मलेठमा ज्यान गुमाएका पाँच जना सहिदको सम्झनामा एवं सम्मानमा सार्वजनिक विदा दिने निर्णय गरेको जानकारी दिएका छन् ।

सहिदको सम्झनामा नगरपालिका मातहतका सम्पूर्ण कार्यालय र शिक्षण संघ संस्था बन्द गर्न उनले आग्रह समेत गरे ।

बि.स. २०७३ साल फागुन २३ गते नेकपा एमालेले आयोजना गरेको मेचीमहाकाली राष्ट्रिय अभियानका क्रममा सप्तरीको मलेठमा तत्कालिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले विरोध गरेपछि भएको झडपका क्रममा प्रहरीले गोली चलाउँदा मलेठका सन्जन मेहता, पिताम्बर मण्डल, बिरेन्द्र महतो, प्रसवनीका आनन्द साह र जमुनी मधेपुराका इन्द्रदेव यादवको मृत्यु भएको थियो ।

सो घटनाका क्रममा मृत्यु भएका पाँचैजनालाई तत्कालिन सरकारले सहिद घोषणा गरेको थियो । सो घटना पश्चात् एमाले मेचीमहाकाली राष्ट्रिय अभियान तत्कालका लागि स्थगित गरेको थियो ।

# वरिष्ठ वामपन्थी नेता वर्माको निधन



**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

सप्तरी निवासी वरिष्ठ वामपन्थी नेता कृष्णराज वर्माको आइतबार साँझ उपचारका क्रममा काठमाडौंमा निधन भएको छ ।

काठमाडौंको धुम्बाराहीस्थित ह्याम्स अस्पतालको आईसीयू कक्षमा केही दिनदेखी उनको उपचार भइरहेको थियो । ९३ वर्षीय नेता वर्माको पेटमा इन्फेक्सन देखिएपछि ह्याम्प्समा भर्ना गरिएको थियो । उपचारकै क्रममा सोही अस्पतालमा उनको निधन भएको परिवारजनले बताएका छन् ।

बर्मा नेपाल कम्युनिष्ट पार्टी स्थापना भएकै बर्ष २००६ सालदेखि नै निरन्तर कम्युनिष्ट

***बाँकी अन्तिम पृष्ठमा***

# तत्कालिन प्रदेश २ सरकारद्वारा गठित समितिले मलेठ घटनाको प्रतिवेदन अझै सार्वजनिक गरेन



**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

मलेठ घटनाको आज पाँच वर्ष पुरा भएको छ । सो घटना बारे राष्ट्रिय मानव अधिकार आयोगले बुझाएको प्रतिवेदन यथार्थ नभएको भन्दै तत्कालिन प्रदेश नं. २ सरकारले आफैं छानबिन गर्न २०७४ साउन ७ गते समिति गठन गर्‍यो ।

२०७४ साल साउन ७ गते बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवको संयोकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिमा सामाजिक बिकासमन्त्री नवलकिशोर साह र तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह सदस्य थिए । समितिमा मुख्य न्यायाधिवक्ता कार्यालयका उप-न्यायाधिवक्ता कृष्णप्रसाद बराल सदस्य सचिव थिए ।

समितिले मलेठ घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गरी १५ दिनभित्र मन्त्रिपरिषदमा प्रतिवेदन पेश गर्ने भनिएको थियो । तर घटना भएको पाँच वर्ष बित्दा समेत हालको मधेश सरकारले सो प्रतिवेदन सार्वजनिक गरेको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारी संयोजक रहेको उच्च स्तरीय छानबिन समिति बनाएको थियो । आयोगले २०७३ चैत ३१ मा मलेठ घटनाका सम्बन्धमा अनुसन्धान गर्न समिति गठन गरी छानबिन गर्ने निर्णय गरेको थियो । उक्त समितिले २०७४ जेठ ८ देखि २०७४ जेठ १३ सम्म स्थलगत छानबिन र जेठ २९ गते सम्म काठमाण्डौंमा नै बसी छानबिन सम्बन्धी अन्य कार्य एवम् प्रतिबेदन तयार गरेको थियो ।

२०७३ फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा बिथोल्न कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरुको अगुवाइ गर्ने सप्तरी जिल्लाको मधेसी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ,' २०७४ असार ३२ मा सार्वजनिक गरिएको प्रतिवेदनमा भनिएको छ ।

नेकपा (एमाले) ले मेची-महाकाली अभियान अन्तर्गत २०७३ साल फागुन २३ गते सप्तरीको मलेठमा सभाको आयोजना गरेको थियो । तत्कालिन मधेशी मोर्चाले एमालेको सभा हुन नदिनको लागि बिरोध गरेका थिए ।

मधेशी मोर्चाले सभा हुन नदिने र एमालेले गरेरै छाड्ने अडान लिएपछि मलेठमा हिंसात्मक घटना हुन पुग्यो । प्रहरीको गोली लागेर मलेठका पिताम्बर मण्डल, सञ्जन मेहता, वीरेन्द्र महतो, आनन्द साह र इनर यादवको मृत्यु भयो ।

# स्थगित भएको काँग्रेस सप्तरीको जिल्ला अधिवेशन मंगलबार

**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

नेपाली काँग्रेस सप्तरीको स्थगित भएको जिल्ला अधिवेशन अन्तरगत निर्वाचन मंगलबार हुने भएको छ ।

शनिबार विवादका बीच स्थगित भएको उक्त निर्वाचन मंगलबार गरिने जनाइएको छ । अब उक्त निर्वाचन राजविराजस्थित पविमावि हुने लगभग तय भएको छ ।

यसअघि निर्वाचन समितिले निर्वाचन स्थलमा राम्रो व्यवस्थापन गर्न नसकेको भन्दै शनिबार दिउँसो ४ बजेतिर विवाद उत्पन्न भएपछि स्थगित भएको थियो ।

पटक पटक समय परिवर्तन गर्दै शनिबारका लागि तय भएको जिल्ला अधिवेशन बिहान ८ बजेदेखी हुने भनिएको निर्वाचन १० बजेदेखी मात्र सुरु भएको थियो ।



रुपनी गाँउपालिका बडा न ५ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा तय गरिएको निर्वाचन स्थलमा एउटै व्यक्तिले पटक पटक मतदाताको सहयोगि बनेको भन्दै विवाद उत्पन्न भएको थियो ।

सो विवाद उत्पन्न भएपछि केही मतपत्र च्यातिएको प्रत्यक्षदर्शी काँग्रेसी नेताहरुले जनाएका छन् । कुल २ हजार ५ सय ३५ मतदाता मध्ये दिउँसो ४ बजेसम्म ६ सय ३ मत मात्र खसेको थियो ।

निर्वाचन समितिले क्षेत्र नं. १ देखि ४ सम्म अलग अलग बुथ राखेपनि महिला र पुरुषलाई एउटै बुथमा राखेपछि बिवादको अर्को कारण बनेको थियो । एउटै बुथमा महिला पुरुष राखेपछि एक मतदातालाई धेरै उम्मेदवारलाई मतदान गर्नुपर्ने बाध्यताले व्यवस्थापन भद्रगोल अवस्था देखिएको थियो ।

नयाँ नेतृत्वका लागि सभापति पदमा संस्थापन पक्षतर्फबाट शत्रुधन प्रसाद यादव र इतर पक्षतर्फबाट रामदेव साहको उम्मेदवारी दिएका छन् । संस्थापन पक्षबाट सभापति पदमा उम्मेदवारी दिएका शत्रुधनलाई वर्तमान सभापति समेत रहेका केन्द्रिय सदस्य दिनेश कुमार यादवको समर्थन रहेको छ भने शेखर कोइराला पक्षबाट उम्मेदवारी दिएका रामदेवलाई संघीय सांसद तेजुलाल चौधरीको समर्थन रहेको छ ।

## सम्पादकीय

# गरिबलाई हेला नगरौं

मानिस भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूर्वक गर्नुपर्ने हुन्छ। जति महिनेत गऱ्यो उति मानिस सबल हुँदै जान्छ। आर्थिक अवस्था भने उसको काम र महिनेतले नै निर्धारण गर्दछ। गरिब हुनु कुनै मानिसको दोष होइन्। जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन।

मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो। तर, कसैलाई हेला गर्नु मानवता विरुद्ध हो। अहिलेको परिवेशमा धनी व्यक्तिले गरिब व्यक्तिलाई हेला गर्ने प्रबृती बढ्दै गएको छ। हुन त धनी र गरिब छुट्याउने आधार धनलाई मान्ने गरिन्छ। तर यो मानवले नै निर्धारण गरेको एउटा आधार मात्र हो।

तसर्थ गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ। यसरी कसैलाई समयमा सहयोग गर्नु मानवताको धर्म भएकोले यसप्रति अबका दिनमा सबै सचेत हुनु आवश्यक छ।


पुरानो रोगको उपचारको लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# भुक्तानी प्रणालीमा डिजिटल क्रान्ति : निजी क्षेत्र अघि-अघि सरकार पछि-पछि

**रमेश लम्साल**

काठमाडौं, २२ फागुन (रासस)।

केही वर्ष पहिले दुगर्मका कुरा छाडौं सहर तथा सुगम नै मानिएका स्थानमा बिजुलीको बिल तिर्न जाँदा पनि दिन बिताउनुपर्थ्यो। रु ८० बराबरको बिल तिर्न यसको चार गुणा बढी खर्च हुन्थ्यो। दिनभरि त्यसैका लागि बिताउनुपर्दा अरु महत्वपूर्ण काम छुट्थे। तर, आज त्यो अवस्था छैन।

विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास तथा स्वदेशी कम्पनीहरूको आश्चर्यजनक विकासका कारण पछिल्ला दिनमा भुक्तानी प्रणालीको अभूतपूर्व विकास भएको छ। अन्य क्षेत्रका सरकारले हस्तक्षेप गरेपछि व्यापार व्यवसायमा गुणात्मक विकास भएको देखिन्छ। तर विज्ञान तथा प्रविधिको क्षेत्रमा भने निजी क्षेत्र अगाडि देखिन्छ।

नेपाल राष्ट्र स बैंकले पनि विद्युतीय भुक्तानी तथा कारोबारलाई महत्व दिएर व्यापक प्रचार-प्रसार गरेको छ। यसबाट पनि आम नागरिकलाई सहजरूपमा आफ्ना दैनिक काम कारबाहीलाई अगाडि बढाउन सहयोग पुगेको छ। कम्प्युटर, मोबाइल, कार्डजस्ता उपकरणहरूको प्रयोग गरी इन्टरनेटका माध्यमबाट सम्पादन गरिने भुक्तानी कारोबारलाई विद्युतीय भुक्तानी भनिन्छ। विद्युतीय भुक्तानीमा नगद, चेक आदिको प्रयोग गरिँदैन। त्यसकारण पैसा हराउने, चोरिने तथा अन्य कुनै पनि समस्या हुँदैन।

कोरोनाको महामारीले पनि विद्युतीय भुक्तानी तथा कारोबारमा थप विस्तार गरिदिएको हो। त्यसभन्दा अघि वैकल्पिक प्रणालीजस्तो रहेको विद्युतीय कारोबार अहिले आएर भने आम बन्न पुगेको छ। सो बैंकले योजनाबद्धरूपमा नै विद्युतीय भुक्तानी र कारोबारलाई बढावा दिएको छ। मोबाइल वालेट, कनेक्ट आइपिएस, आरजिटीएसजस्ता प्रणाली सञ्चालनमा ल्याएको छ। यसले गर्दा आम मानिसलाई कारोबारमा सहजता र विश्वसनीयता पनि थपेको छ। यता विद्युतीय कारोबारमा वृद्धि भएसँगै सुरक्षाबारे बढेको चासोप्रति भने नियामक निकायको दायित्व थपिएको छ।

राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनामा विद्युतीय कारोबारको सङ्ख्या र परिमाण दुवै बढेको देख्न सकिन्छ। ठूलो कारोबारका राफसाफका लागि सञ्चालनमा ल्याइएको रियल टाइम ग्रस सेटलमेन्ट (आरजिटीएस) कनेक्ट आइपिएस र मोबाइल बैंकिङमार्फत हुने कारोबारमा उल्लेख्य वृद्धि भएको देखिन्छ। केन्द्रीय बैंकका अनुसार गत पुस मसान्तसम्म ३१ लख ४५ हजार ९५९ पटक कनेक्ट आइपिएसबाट कारोबार भएको छ। आरजिटीएसमार्फत ६४ हजार २५४, मोबाइल बैंकिङमार्फत एक करोड ३५ लाख १८ हजार ९३६ पटक कारोबार भएको छ। वालेटबाट एक करोड ३७ लाख १२ हजार २०६ पटक, क्यूआर कोडबाट १९ लाख १८ हजार ५२६ पटक कारोबार भएको विवरण छ।

कोरोनाका कारण बैंक तथा वित्तीय संस्थामा भौतिकरूपमा उपस्थित भएर कारोबार गर्न नपाएपछि आम मानिसले विद्युतीय कारोबारलाई नै प्राथमिकता दिएका कारण आमरूपमा स्थापित हुन पुगेको छ। विद्युतीय कारोबार सहज र सस्तो भएकाले पनि मानिसको आकर्षण बढेको देखिन्छ। राष्ट्र बैंकको विवरणानुसार कनेक्ट आइपिसमार्फत हुने कारोबार रु एक खर्बभन्दा बढीले भएको छ।

विसं २०७७ जेठ मसान्तमा रु ५१ अर्ब ३० करोड ६० लाख बराबरको कारोबार कनेक्ट आइपिएसमार्फत भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा आइपुग्दा रु एक खर्ब ५८ अर्ब २५ करोड ४० लाख बराबर पुगेको छ। अघिल्लो जेठमा १४ लाख ६४ हजारवटा कारोबार भएकामा २०७८ जेठमा आइपुग्दा त्यो बढेर २१ लाख ६० हजार ६४८ पटक कारोबार भएको छ। सबै क्षेत्रमा सहजरूपमा विद्युतीय कारोबार हुने र स्वीकार्य हुने अवस्था बनेको खण्डमा नगद कारोबारलाई न्यून विन्दुमा झार्न सकिने अवस्था क्रमशः बन्दै गएको छ।

केन्द्रीय बैंकले कालिमाटी तरकारी तथा फलफूल बजारका अतिरिक्त देशका प्रमुख तरकारी बजार, डिपार्टमेन्टल स्टोर तथा अन्य सार्वजनिक स्थानमा क्युआर कोडको प्रयोगलाई बढावा दिन नियमित अभियान नै चलाएको छ। क्युआर कोड प्रयोग गर्ने क्रम बढ्दै जाँदा त्यसले समाजमा समेत सकारात्मक प्रभाव पारेको छ। खुद्रा पसल, तरकारी बजार तथा सामान्य व्यवसायमा समेत क्युआर कोड प्रयोगमा वृद्धि हुँदै आएको छ।

नगदरहित कारोबारलाई बढावा दिँदै जाने केन्द्रीय बैंकको योजना छ। गभर्नर महाप्रसाद अधिकारीले यो अभियानलाई प्रहरीको जरिवाना तिर्न सकिन्छ। यस्तै सवारीसाधन खरिद, शेयरबजार कारोबार, बीमाशुल्क तथा इन्टरनेटको बिल, मोबाइल टेलिफोनको बिल तथा वालेटमा समेत पैसा राख्न सकिन्छ।

**भुक्तानी प्रणालीमा 'क्यूआर कोड'**

नेपालको हकमा भुक्तानी प्रणालीमा आएको क्रान्तिका पछाडि एफवान सफ्टको नेतृत्वदायी भूमिका रहेको छ। भुक्तानी प्रणालीमा 'क्यूआर कोड' क्रान्ति नै भएको एफवान सफ्टका प्रमुख कार्यकारी अधिकृत शर्माको भनाइ छ। नेपालमा डिजिटल पेमेन्टको सुरुआत ई-सेवाले गऱ्यो ई-सेवाले डिजिटल पेमेन्टको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेको छ। ई-सेवाको यो सुविधा यति व्यापक भयो कि डिजिटल पेमेन्ट भनेकै ई-सेवा हो भन्ने मान्यता विकास भएको छ।

मोबाइलमा रिचार्ज गर्दा होस् वा प्लेनको टिकट काट्न, बिजुलीको बिल तिर्न, स्कुलको फि तिर्न तथा इन्स्योरेन्सको प्रिमियम बुझाउनेलगायतका सेवाका लागि ई-सेवा सबैभन्दा सहज माध्यम बनेको छ। सुरुआती दिनमा बैंक तथा वित्तीय संस्थालाई पनि विद्युतीय प्रणालीमा जोड्न ठूलै मेहेनत गर्नुपरेको स्मरण गर्नुहुन्छ प्रमुख कार्यकारी अधिकृत सुवास शर्मा। सुरुमा एसएमएसमार्फत जानकारी दिने प्रणालीको विकास भयो। मोबाइल फोनमा भएको क्रान्ति तथा इन्टरनेटको सहज उपलब्धतासँगै विद्युतीय कारोबारको दायरा र सीमामा आकाश-जमिनको फरक देखिन थालेको हो।

ठूला सपिङ मलदेखि, कफीसप र रेष्टुराँ हुँदै साना पान पसलले पनि यतिबेला क्यूआर कोड स्क्यान गरेर बिल भुक्तानी गर्न सकिन्छ। बैंक तथा वित्तीय संस्थाहरू फोनपे, ई-सेवा, खल्तीजस्ता भुक्तानी प्रणालीमा जोडिएका छन्। यसबाट समयको बचत भयो भने भुक्तानी प्रणाली मोबाइलको एक क्लिकका भरमा हुने भयो। एफवान सफ्टका सिइओ शर्माका अनुसार फोनपेबाट मात्रै हाल रु दुई अर्ब ५० करोड बराबरको भुक्तानी हुन्छ। ई-सेवाको झण्डै ५० लाख पटक एप डाउनलोड भएको छ। समयक्रमअनुसार सेवामा विविधिकरण गरिरहेको र नगदरहित कारोबारका अलावा, विद्युतीय प्रणालीबाटै ऋण लिने तथा अन्य दैनिक जीवनसँग जोडिएका क्षेत्रमा पुग्ने लक्ष्य राखिएको उहाँको भनाइ छ।

तपाईंको बैंक खातामा पैसा छ भने कही कतै जाँदा पनि वा कुनै काम गर्दा पनि रोकिने अवस्था छैन। हरेक क्षेत्रमा सहजरूपमा भुक्तानी गर्न सकिने अवस्था सिर्जना भएको छ। नगद छैन, के गर्ने होला भन्ने चिन्तासमेत आम मानिसमा हट्दै जानु नै आफूहरूको पनि सफलता भएको उहाँको भनाइ छ। तरकारी किन्न जाँदासमेत नगद नभए पनि चल्ने भएको छ। नगदको सट्टामा मोबाइलमा भएको एपबाट क्यूआर कोडमार्फत भुक्तानी गर्न पाउँदा सहज भएको छ।

गोजीभरि नगद राख्न पनि नपर्ने, एटिएमको बुथ खोज्दै दौडनु पनि नपर्ने र चेक बोकेर सटहीका लागि लामो लाइनमा लाग्नुपर्ने झन्झट हट्नु पनि अर्को सफलता भएको प्रमुख कार्यकारी अधिकृत शर्माको भनाइ छ। समयको बचतमात्रै होइन, भुक्तानी गरेको रकमको १० प्रतिशत रकम खातामा तुरुन्तै फिर्ता आउने भएकाले पनि मानिसलाई थप

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल.** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोबर मल पयोग गर्ने वा १ ७ के जी डि ए पी र १ के जी यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लांक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं ९८५२८२०९३५

### भुक्तानी प्रणालीमा...

आकर्षित गरेको छ।

नेपालको भुक्तानी प्रणालीमा नयाँ मार्गदर्शन गर्ने एफवान सफ्टले स्थापनाको १७ वर्ष पूरा गरेको छ। यसबीचमा कम्पनीले सबै बैंक तथा वित्तीय संस्थालाई यस प्रणालीमा जोडेको छ। ती सबैको मोबाइल एप एफवान सफ्टले बनाएको छ। एफवान सफ्टको सिस्टममा सबै बैंक तथा वित्तीय संस्था जोडिएको छ। त्यसबाट बैंक तथा वित्तीय संस्थालाई पनि निक्षेप प्राप्त हुने, उपभोक्तालाई नगद बोक्नुपर्ने झन्झटको अन्त्य गरिदिएको छ भने मर्चेन्टहरूलाई सुरक्षितरूपमा बैंकमा पैसा जम्मा भइराख्ने अवस्था बनेको छ।

पसलमा पनि क्यूआर कोडमार्फत भुक्तानी गर्दा एउटा स्ट्यान्डमात्रै राख्दा हुने भएको छ। त्यसबाट जुनसुकै बैंकको एप वा ई-सेवा, फोनपे, खल्तीजस्ता एपबाट भुक्तानी गर्न सकिने भयो। भुक्तानी प्रणालीको नयाँ विकास वास्तवमै प्रभावकारी बनेको जानकारी दिँदै शर्माले समग्र बैंकिङ प्रणालीलाई यसैमा जोडिएकाले बैंक तथा वित्तीय संस्थाका ग्राहकले यसैमार्फत सहजरूपमा कारोबार गर्न पाएको र सबैभन्दा सुरक्षित रहेको बताउनुभयो।

अन्य प्रविधि विदेशबाट आयात भए पनि सूचना प्रविधिको क्षेत्रमा भएका विकासको श्रेय भने नेपाली व्यवसायीलाई नै जान्छ। भारतलाई केन्द्र बनाएर काम गरिरहेका फोनपे, गुगलपे, पेटिएमजस्ता सेवाप्रदायक पनि नेपालमा आउने तयारी गरिरहेका छन्। कत्तिको चुनौती महाअभियानको सङ्ज्ञा दिनुभएको छ। केन्द्रीय बैंकले आव २०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षका रूपमा मनाउने लक्ष्य राखेको छ। त्यसका लागि चालु आवमा आवश्यक पूर्वाधारको विकास र चेतना अभिवृद्धिमा जोड दिने लक्ष्य छ।

बैंक तथा वित्तीय संस्थामा कर्जाको आवेदनदेखि स्वीकृति गर्नेसम्मको प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि सहजीकरण गर्न डिजिटल कर्जा मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउन लागिएको छ। नेपाल विद्युत् प्राधिकरणले महसुल भुक्तानीमा केही वर्ष पहिलेदेखि नै विद्युतीय प्रणाली सुरुआत गरिसकेको छ। काठमाडौँका अधिकांश वितरण केन्द्रको महसुलमध्ये झण्डै ५० प्रतिशत हिस्सा विद्युतीय प्रणालीमार्फत हुने गरेको छ। खानेपानीको बिलदेखि हवाई टिकट खरिदसम्म विद्युतीय माध्यमबाटै हुने गरेको छ। सरकारको राजश्वदेखि अन्य दैनिक उपभोग्य सामग्रीको खरिदमा समेत विद्युतीय भुक्तानीको मात्रामा बढोत्तरी भएको छ। नगद नै नभए पनि जीवन सहजरूपमा चलाउन सकिने अवस्था सिर्जना भएको छ। घर, कार्यालय वा आफूलाई आवश्यक परेको स्थानमा मोबाइलबाटै खाना तथा खाजासमेत मगाउन सकिने सहज वातावरण सिर्जना भएको छ।

कनेक्ट आइपिएसमार्फत नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, राहदानी तथा ट्राफिक देख्नुहुन्छ भन्ने प्रश्नमा एफवान सफ्टका प्रमुख कार्यकारी अधिकृत शर्मा भन्नुहुन्छ, "हामी हाम्रो प्रविधि र हाम्रो सेवामा विश्वास गर्छौं। यही आउने हो उनीहरू पनि त्यसकारण हामीलाई कुनै चुनौती हुँदैन।" जसरी प्रविधिको प्रयोगमार्फत मानिसको दैनिक जीवन सजिलो बनेको छ त्यसमा थप सुविधा थप्दै जानुपर्ने आवश्यकता पनि बढेर गएको छ।

कुनै पनि कामका लागि पनि बैंक तथा वित्तीय संस्थामा लाइन लाग्नुपर्ने अवस्थाको अन्त्यका लागि के-कस्ता काम गर्न सकिन्छ भनेर सुरु गर्दै जाँदा डिजिटल लेण्डिङ पनि अगाडि बढेको जानकारी दिँदै कार्यकारी निर्देशक शर्माले नेपाल सरकार र राष्ट्र बैंकको भूमिका पनि प्रसंशनीय रहेको बताउनुभयो। डिजिटल वित्तीय सेवा कम्पनी एफवान सफ्ट इन्टरनेशनल १८औं वर्षमा प्रवेश गरेको छ। सन् २००४ को मार्च ६ गतेबाट कम्पनीले आफ्नो सेवा सुरु गरेको थियो। कम्पनीले वित्तीय क्षेत्रमा आवश्यक पर्ने सबैखाले प्रविधिको निर्माण गरेको छ।

**उपभोक्ताको दैनिक सहज**

एफवान सफ्टले निर्माण गर्ने प्रविधिले आम मानिसको दैनिकी सहज बनाओस् र त्यसको फाइदा मुलुकलाई पुगोस् भन्ने दृष्टिकोण राखेर काम गरिएको जनाउँदै उहाँले सरकारले अगाडि सारेको डिजिटल नेपालको लक्ष्यसमेत क्रमशः पूरा हुँदै जाने बताउनुभयो।

कम्पनीले एक हजार बढीलाई रोजगारी दिएको छ। एफवान सफ्टसहित १३ कम्पनी सञ्चालनमा छन्। यसमा एफवान सफ्ट, ई-सेवा, फोनपे, ई-सेवा मनि ट्रान्सफर, दियालो टेक्नोलोजी, कोजेन्ट हेल्थ, लोजिका, सिरानटेक, दर्शन टेक, एक्टेन्सो डेटा, स्वस्तिक कलेज, बस सेवा, ई-सेवा ट्राभल छन्। कम्पनीले वित्तीय क्षेत्रबाहेक स्वास्थ्य, शिक्षा तथा अन्य विभिन्न क्षेत्रलाई डिजिटलाइज गर्ने उद्देश्यले सफ्टवेयर निर्माण गर्छ।

ई-सेवा नेपालको पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी हो। सन् २००९ देखि सेवा सुरु गरेको ई-सेवाले हाल ५० लाख ग्राहकलाई प्रत्यक्ष सेवा र एक लाख एजेन्ट नेटवर्कबाट डेढ करोड जनतालाई भुक्तानी सेवा दिइरहेको छ। ई-सेवाबाट हाल दैनिक दुई लाखभन्दा बढीको कारोबार हुन्छ। हाल ई-सेवामार्फत मोबाइल, टेलिफोन, इन्टरनेट, बिजुली तथा खानेपानीको महसुल भुक्तानी, रिचार्ज, रेमिटचान्स सेवा, हवाईजहाज, बसको टिकट, स्कुल कलेजको शुल्कलगायतका दुई हजारभन्दा बढी सेवाहरूको शुल्क भुक्तानी गर्न सकिने प्रमुख सिइओ शर्माको भनाइ छ।

त्यस्तै फोनपेको नेटवर्कमा एक करोड ३० लाख बढी रजिष्टर्ड युजर, एक लाख ५० हजार बढी मर्चेन्ट र ५० बढी पार्टनर आबद्ध छन्। फोनपेअन्तर्गत फोनपे अफर, फोनपे मर्चेन्ट, फोनपे डाइरेक्ट, क्यूआर पेमेन्ट, कर्पोरेट फोनपे, हब पेमेन्ट, थर्डपार्टी पेमेन्टजस्ता सेवा उपलब्ध गराउँछ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## रुस र युक्रेनबीच तेस्रो चरणको वार्ता सोमबार हुने

मस्को, २२ फागुन (रासस/सिन्ह्वा)।

रुस र युक्रेनबीचको युद्ध चर्किएका बेला अर्को चरणको वार्ता सोमबार यी दुई देशबीचमा अर्को चरणको शान्ति वार्ता हुने भएको छ।

यस अघि पनि दुई देशबीचमा वार्ता भएको थियो। सो वार्ता युक्रेन र बेलारुसबीचको सीमामा भएको थियो।

यस पटक भने वार्ता कहाँ भन्ने बारेमा केही खुलाइएको छैन। रुसी र युक्रेनी अधिकारीबीच भएको पहिलो र दोस्रो चरणको वार्तामा कुनै निष्कर्ष ननिस्किएको अधिकारीले जनाएका छन्।

तेस्रो चरणको वार्ता सोमबार हुने जानकारी युक्रेनका तर्फबाट वार्ता टोलीका सदस्य डेभिड आरकसानले जानकारी दिनुभयो।

उहाँले आफ्नो फेसबुक स्टाटसमा युक्रेन र रुसबीचमा अर्को अर्थात् तेस्रो चरणको वार्ता सोमबार हुने बारेमा जानकारी दिनुभएको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्।

युक्रेनका अधिकारीले यसअघिका दुई चरणको वार्तामा कुनै सफलता प्राप्त नभएकाले यस वार्तामा पनि त्यस्तो कुनै ठूलो नतिजा निकाल्ने अपेक्षा नगरिएको बताएका छन्।

दुई दिनअघि दोस्रो चरणको वार्ता सकिएपछि वार्तामा सहभागी अधिकारी दुवै पक्ष आआफ्नो राजधानी फर्किएर आवश्यक परामर्श गरी यो तेस्रो चरणको वार्ता गर्ने बताएका छन्।

रुस पछिल्लो चरणमा वार्ता जारी राख्न सहमत भएको थियो। सोही बमोजिम नै दुवै पक्ष वार्तामा बसेका थिए। रुस र युक्रेनले आगामी केही दिनभित्र नै अर्को उच्चस्तरीय वार्तामा बस्ने भएका शुक्रबार बताइएको थियो।

उता रुसले भने पछिल्ला दिनमा युक्रेनको राजधानी किभका आवासीय क्षेत्रमा हवाई आक्रमण गरेको छ। रुसले यहाँका आवासीय क्षेत्रमै गोलाबारी गरिरहेको आरोप लगाइएको छ।

युक्रेनी राजधानी किभमा भने खतराको जनाउ दिने साइरन अहिले पनि बजेका बताइएको छ। त्यस्तै युक्रेनको उत्तरी शहर चर्निभमा पनि गोलाबारी भइरहेको बताइएको छ।

गएको हप्ता दिनभन्दा लामो समयदेखि रुसले युक्रेनमाथि धेरै स्थानबाट हमला गरिरहेको छ। ती स्थानमा युक्रेनी फौजको प्रतिवाद भने जारी छ।

जसका कारण रुसी सेना अगाडि बढ्ने गति कम भएको छ। यसैले पनि रुस वार्ताका लागि तयार भएको विभिन्न विश्व समुदायले जनाएको छ।

## साउदी अरेबियामा कोरोना भाइरसका विरुद्ध लगाइएका प्रतिबन्ध हटाइयो

रियाद, २२ फागुन (रासस/सिन्ह्वा)।

साउदी अरेबियाले कोरोना भाइरसका विरुद्धमा लगाएका अधिकांश प्रतिबन्ध आइतबारदेखि हटाएको छ।

यहाँको स्वास्थ्य मन्त्रालयले सो विषयमा जानकारी दिएको छ। मन्त्रालयका अनुसार यहाँका आन्तरिक हवाई उडानमा अब कोरोना भाइरस सङ्क्रमणसम्बन्धी स्वास्थ्य जाँच, पिसीआर रिपोर्ट आवश्यक नपर्ने भएको छ।

त्यसैगरी यहाँ अब सार्वजनिकस्थलमा पनि उपस्थित हुन पाइने भएको छ। पर्यटकीय स्थलमा उपस्थितिका लागि पिसीआर रिपोर्ट आवश्यक नरहेको बताइएको छ।

यहाँका नागरिकले घर बाहिर निस्किँदा मास्क भने लगाउनुपर्ने भएको छ। सार्वजनिक स्थलमा मास्क भने अनिवार्य गरिएको बताइएको छ।

पछिल्ला केही हप्तामा यहाँ कोरोना भाइरसको प्रकोप घट्दै गएकाले सरकारले लगाउँदै आएका प्रतिबन्ध हटाएको जनाएको छ।

## भारतमा कोरोनाभाइरसबाट थप पाँच हजार ४७६ सङ्क्रमित

नयाँदिल्ली, २२ फागुन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिन प्रति दिन घट्दै गइरहेको छ।

भारतमा पछिल्लो २४ घण्टामा थप पाँच हजार ४७६ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी दिएको छ।

योसँगै भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने ५९ हजार ४४२ पुगेको अधिकारीले जनाएका छन्। भारतको सङ्घीय स्वास्थ्य मन्त्रालयका अनुसार सोही अवधिमा नौ हजार ७५४ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गइरहेको हो।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भइसकेकाको सङ्ख्या चार करोड २३ लाख ८८ हजार ४७५ पुगेको छ।

कोरोनाभाइरसका कारण भारतमा अहिलेसम्म पाँच लाख १५ हजार ३६ को मृत्यु भएको छ। तीमध्ये १५८ को पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

गत शनिबार एक दिनमा भारतमा नौ लाख नौ हजार ९८५ को कोरोना परीक्षण गरिएको छ। भारतमा कोरोना शुरु भएबाट हालसम्म ७७ करोड २८ लाखभन्दा बढी व्यक्तिको कोरोना परिक्षण भइसकेको छ।

यहाँ गत २४ घण्टामा २६ लाख १९ हजार ७७८ डोज कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ। भारत सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म एक अर्ब ७८ करोड ८३ लाख ७९ हजार २४९ डोज खोप लगाइएको छ।

# स्थानिय निर्वाचनलाई मध्यनजर गर्दै बोदेबर्साईनमा माओवादी केन्द्रको बैठक



**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

नेकपा (माओवादी केन्द्र)ले सप्तरीको बोदेबर्साईन नगरपालिकाको विस्तारित बैठक सम्पन्न गरेको छ ।

बोदेबर्साईन नगरपालिका वडा नं. ३ गौरा डिहबारथानको प्राङ्गणमा स्थानीय निर्वाचनलाई केन्द्रित गरेर बसेको बैठकमा पार्टीका अगुवा नेता कार्यकर्ता तथा सम्भावित उम्मेदवारहरुको उपस्थिति रहेको थियो ।

बैठकमा नेकपा (माओवादी केन्द्र) का सम्भावित प्रमुख पदका उम्मेदवार डा. सुर्य प्रसाद यादव, इन्जिनियर बैजनाथ प्रसाद यादव, दिलिप कुमार यादव, किरण कुमार यादवर उपस्थिति रहेका थिए भने उपप्रमुखका आकांक्षीमा सुनिता कुमारी साह समेत थिइन् ।

युवालाई रोजगारीको ग्यारेण्टी, व्यवसायीलाई व्यापार, किसानलाई खेतमा सिंचाई, मल खाद, विउको व्यवस्था, महिलालाई घरेलु हिंसारहित, विद्यार्थीलाई रोजगारमुखि शिक्षा, नगरको समुचित बिकाशका नाराको साथ चुनावलाई लक्षित गर्दै नगरका १० वटै वडाहरुमा चुनावी सभाहरु गर्ने कार्यक्रम तयार गरिएको पार्टीका सम्भाबित प्रमुख पदका उमेदबार डा. सुर्य प्रसाद यादवले जानकारी दिए ।

त्यस्तै बैठकबाट पार्टीले निर्वाचनलाई भयरहित र शान्तिपूर्ण बनाउनको लागि स्वयमसेवकको रुपमा वाइसियल परिचालन गर्ने निर्णय गर्दै निर्वाचनमा पार्टीको चुनावी प्रचारलाई व्यवस्थित गर्न विभिन्न उपसमितिहरु समेत निर्माण गरेको छ ।

### वरिष्ठ वामपन्थी ...

पार्टीमा क्रियाशील थिए । उनी २००७ सालको क्रान्तिका पनि एक जना योद्धा थिए । उनले केही कम्युनिष्ट दर्शनका पुस्तक र सयौं संख्यामा लेखहरू लेखेका छन् ।

२०४६ सालपछि उनले नेकपा (वर्मा) नामको पार्टी गठन गरी त्यसको अध्यक्ष समेत रहिसकेका छन् । सप्तरीमा जन्मेका उनी केही वर्षदेखि काठमाडौंमै बस्दै आएका थिए ।

# महोत्तरी कांग्रेस सभापतिमा यादव

महोत्तरी, २२ फागुन (रासस) ।

नेपाली कांग्रेसको महोत्तरी जिल्ला सभापति पदमा नागेश्वर यादव विजयी हुनुभएको छ । शनिबार घोषित मतपरिणामानुसार उहाँलाई दोस्रो मत प्राप्त गर्ने सुशीलकुमार यादवले समर्थन जनाउनुभएको थियो ।

विजयी नागेश्वरले कूल खसेको दुई हजार १३९ मतमध्ये एक हजार ११ मत प्राप्त गर्नुभएको निर्वाचन समितिले जनाएको छ । दोस्रो मत पाउने सुशीलकुमारले ७७९ र अर्का उमेदवार बजरङ्ग नेपालीले ३०६ मत प्राप्त गर्नुभएको थियो ।

कांग्रेसको विधानानुसार निर्वाचित हुन ५० प्रतिशत कटाउनुपर्ने प्रावधानले पहिलो र दोस्रो मत प्राप्त गर्नेबीच फेरि प्रतिस्पर्धा गराउनुपर्ने भए पनि दोस्रो मत प्राप्त गर्नेका सहमतिमा पहिलो मत प्राप्त गर्नेलाई विजयी घोषणा गरिएको निर्वाचन समितिका निर्वाचन अधिकृत इन्द्र अधिकारीले जानकारी दिनुभयो ।

कांग्रेसको १४औं महाधिवेशन क्रममा यसअघि बिभिन्न कारणले अल्झदै आएको जिल्ला अधिवेशनको मतदान शुक्रबार सम्पन्न भएको हो । मतदानमा ९४ प्रतिशत मतदाताले मतदान गरेका निर्वाचन अधिकृत अधिकारीले जानकारी दिनुभयो । सभापतिमा विजयी नागेश्वर पञ्चायतकालदेखि नै कांग्रेसमा आबद्ध भई राजनीतिमा सक्रिय रहँदै आउनुभएको हो । यसअघि नेपाल विद्यार्थी सङ्घको बिभिन्न जिम्मेवारी र तरुण दलको केन्द्रीय उपाध्यक्ष रहिसक्नुभएका उहाँ दलको १३औं महाधिवेशनमा पनि जिल्ला सभापतिका उमेदवार हुनुहुन्थ्यो । उहाँ जिल्लाको लोहारपट्टी नगरपालिकाको मधपुराका स्थायी बासिन्दा हुनुहुन्छ ।

# अब १० किलो मात्रै सुन आयात गर्न पाइने

काठमाडौं, २२ फागुन (रासस) ।

नेपाल राष्ट्र बैंकले सुन आयातमा कडाइ गरेको छ । बैंकले आइतबार एक परिपत्र जारी गर्दै सुन आयातमा कडाइ स्वरुप कोटा घटाएको हो । यसअघि प्रतिदिन २० किलोसम्म सुन आयातको कोटा तोकिएकोमा त्यसलाई घटाएर १० किलो बनाइएको हो ।

राष्ट्र बैंकले एकीकृत परिपत्र २०७८ को सुन आयात तथा बिक्री वितरणसम्बन्धी कार्यविधि, २०६८ को दफा ४ (क) मा संशोधन गरेको उल्लेख छ । पछिल्लो समय सुनको आयातसँगै मूल्यमा पनि वृद्धि हुँदै गएको छ । यसअघि बैंकले चाँदी आयातमा कडाइ गरेको थियो ।

यस्तै, पछिल्लो समय बैंकले विभिन्न ४७ वस्तुको आयातमा कडाइ गरेको छ । विदेशी मुद्राको सञ्चिति घट्दै गएपछि राष्ट्र बैंक आयातित वस्तुमा कडाई गर्न बाध्य भइरहेको छ । बैंकले गत माघ २६ गते २७ र माघ ५ गते २० वस्तु गरी ४७ वटा होर्मोनिक (एचएस) कोडबाट आयात हुने वस्तुको आयातमा कडाइ गरेको हो । बैंकले एलसी खोल्दा ६ वस्तुमा ५० प्रतिशत र ४१ वस्तुमा शतप्रतिशत नगद मार्जिनको व्यवस्था गरेको छ ।

राष्ट्र बैंकले ल्वाङ, चिनीजन्य पदार्थ, मदिरा तथा सुर्तीजन्य वस्तुहरू, परफ्युम र ट्वाइलेट वाटर, सौन्दर्यसम्बन्धी सामग्री, स्याम्पुजन्य, काठ तथा काठबाट बनेका सामग्री, जुत्ता तथा चप्पल, छातालगायत वस्तुहरू, व्यॉंख, नक्कली कपाल तथा नक्कली फूल, चिप्स मार्बललगायत वस्तु, सेरामिकका सामान, सिरिन्जलगायत सिसाका सामान, चाँदी, फर्निचरका सामान, तासा तथा मनोरञ्जल स्थलमा खेलाइने सामग्रीको आयातमा कडाइ गरेको थियो ।

यस्तैगरी, समुन्द्री जीवका माघा तथा मासु, दुधको धुलो, अण्डा, गुलाफलगायत फूल, सुकेको तरकारी, सुपारी, काजु बदाम पेस्तालगायत नर्टस, केरा, छोकडा, मरिच, ससेज, कोका पाउडर चकलेट, अचार तथा तयारी सुप, कफी, सोया सस तथा टोमाटो केचप, जुस, कुकुरका खाना, पिठो, प्लास्टिकको सामान, ट्वाइलेट सप, सुनका गरगहना, घडीलगायत अन्य वस्तुको आयातमा कडा गरेको छ । यी सबै वस्तुमा सतप्रतिशत मार्जिनको व्यवस्था राष्ट्र बैंकले लागु गरेको छ ।

यस्तैगरी, दुई तथा चार पाँग्रे सवारी साधन (विद्युतीय बाहेक), कार्पेट तथा पर्दा, लामो कोट, टिसर्ट ह्यान्ड ब्याग, एप्रोनलगायत तयारी पोसाक, ब्ल्याङ्केटमा ५० प्रतिशत मार्जिनको व्यवस्था गरिएको छ ।

## राजबिराज नगरपालिका

६ नं.वडा कार्यालय
राजबिराज, सप्तरी
मधेश प्रदेश नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं.: ६३५

मिति :-२०७८।११।११

विषय :- सुचना । सुचना ॥ सुचना ॥।

राजबिराज नगर पालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

श्री

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वडा नं. ७ हाल कायम वडा नं. ६ बस्ने सिताराम मेहतर को वुहारी सकलदेव मेहतर को पत्नी कुमकुम मेहतर को मिति २०७८।१०।२५ को द.नं. ५९२ को निवेदन मांग हुन आइको हुदा सो सम्वन्धमा निज कुमकुम मेहतर को पति सकलदेव मेहतर को नाउमा तपसिल बमोजिमको जग्गा दर्ता कायम रहेको र मेरो पति सकलदेव मेहतर को मिति २०७२।१२।०१ गतेमा मृत्यु भई सकेको हुदा सो तपसिल बमोजिम को जग्गा मृतक को पत्नी निवेदिका कुमकुम मेहतर लाई श्री मालपोत कार्यालय को नाउमा सिफारिस गरिदिएमा अरु कसै को हकदावी ,अंस रहेको भए सो आफु संग भएको सवुत प्रमाण लिई यस वडा का वडा कार्यालय को समयमा ३५ पइतिस दिन भित्र आई दिन हुन आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ ।

**तपसिल**

| सि.नं. | जिल्ला | न.पा./गा.बि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | बोरिया | ३ | ७१५ | ०-०-९.५ | |
| २ | मोरङ | कन्चनवारी | ७ | २२७४ | ०-०-५ | |

प्रेम कुमार यादव
वडा अध्यक्ष


**भ्रष्टाचार अपराध हो, यसको अन्त्य गरौं।**

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो ।

त्यसैले,

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं ।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np